# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०८।१० गते

# प्रेस विज्ञप्ति

विषय : आरोपपत्र दायर गरिएको

----------------------------------

राष्ट्रिय अनुसन्धान बिभागमा, प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत सोहन कुमार रौनियारले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिई बढुवा समेत भएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज सोहन कुमार रौनियारले राष्ट्रिय अनुसन्धान बिभागको मुख्य पहरेदार पदमा नियुक्ति पाउने तथा सोही कार्यालयको सहायक निरिक्षक, नायव निरिक्षक, निरिक्षक र प्रमुख अनुसन्धान अधिकृत पदमा समेत बढुवा हुने, र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले बिहार विश्वविद्यालय परीक्षा समिति पटना अन्तर्गत फारबिसगंज कलेज, पूर्णीया केन्द्रबाट सन् १९८४ मा आई.ए. उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी साविक भ्रष्टचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज सोहन कुमार रौनियारलाई साविक भ्रष्टचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(गणेशराज कार्की)

सहसचिव एवं प्रवक्ता